## विस्तारमा सारको सुन्दरता

बापदादा विस्तारलाई पनि देखिरहनु भएको छ र विस्तारमा सार स्वरूप बच्चाहरूलाई पनि देखिरहनु भएको छ। विस्तार यस ईश्वरीय वृक्षको शृंगार हो र सार स्वरूप बच्चाहरू यस वृक्षका फल स्वरूप हुन्। विस्तार सदा भेराइटी रूप हुन्छ र भेराइटी स्वरूपको रौनक सदा राम्रो लाग्छ। भेराइटीको रौनक वृक्षको शृंगार अवश्य हो, तर सार स्वरूप फल शक्तिशाली हुन्छ। विस्तारलाई देखेर सदा खुशी हुन्छ र फललाई देखेर शक्तिशाली बन्ने भन्ने शुभ आशा राखिन्छ। बापदादा पनि बिस्तारको बीचमा सारलाई हेरिरहनु भएको थियो। विस्तारमा सार कति सुन्दर लाग्छ। यसको त सबै अनुभव छौ। सारको प्रतिशत र विस्तारको प्रतिशत दुवैमा कति अन्तर हुन जान्छ। यो पनि जानेका छौ नि। विस्तारको विशेषता आफ्नो छ र विस्तार पनि आवश्यक छ, तर मूल्य सार स्वरूप फलको हुन्छ त्यसैले बापदादा दुवैलाई देखेर हर्षित हुनु हुन्छ। विस्तार रूपी पातहरू सँग पनि प्यार छ। फूलहरू सँग पनि प्यार छ भने फलहरू सँग पनि प्यार छ, त्यसैले बापदादा बच्चाहरू समान सेवाधारी बनेर मिल्न आउनु नै पर्छ। जबसम्म समान बनिँदैन, तबसम्म साकार मिलन मनाउन सकिँदैन। चाहे विस्तारवाला आत्मा होस्, चाहे सार स्वरूप आत्मा होस्। दुवै नै बाबाको बने अर्थात् बच्चा बने। त्यसैले बाबालाई सर्व नम्बरवार बच्चाहरूको मिलन भावनाको फल दिनै पर्छ। जब भक्तहरूलाई पनि भक्तिको फल अल्पकालको प्राप्त हुन्छ भने बच्चाहरूको अधिकार बच्चाहरूलाई अवश्य प्राप्त हुन्छ।

आज मुरली चलाउन आएको होइन। टाढा-टाढाबाट जो सबै आएका छौ, त्यसैले मिलनको प्रतिज्ञा निभाउन आएको हो। कोही केवल प्रेमले मिल्छन्, कोही ज्ञानले मिल्छन्, कोही समान स्वरूपले मिल्छन्। तर बाबालाई त सबै सँग मिल्नु नै छ। आज सबै तर्फबाट आएका बच्चाहरूको विशेषता देखिरहेको थिएँ। पहिला दिल्लीको विशेषता हेरिरहेको थिएँ। सेवाको आदिको स्थान हो र आदिमा पनि सेवाधारीहरूलाई सेवाको सुरुमा जमुनाको किनारा नै प्राप्त भयो। जमुना किनारामा गएर सेवा गर्यौ नि! सेवाको बीज पनि दिल्लीमा जमुना किनारामा सुरु भयो र राज्यको महल पनि जमुना किनारामा नै हुने छ। त्यसैले गोपी बल्लभ, गोप-गोपीहरूको साथ-साथमा जमुना किनाराको पनि गायन छ। बापदादा स्थापनाका ती शक्तिशाली बच्चाहरूको टि.भी. हेरिरहनु भएको थियो। त्यसैले दिल्लीको विशेषता वर्तमान समयमा पनि छ र भविष्यमा पनि छ। सेवाको फाउण्डेशन स्थान पनि हो र राज्यको पनि फाउण्डेशन हो। फाउण्डेशन स्थानका निवासी यति शक्तिशाली छौ नि! दिल्ली निवासीमाथि सदा शक्तिशाली रहने जिम्मेवारी छ। दिल्ली निवासी निमित्त आत्माहरूलाई सदा यस जिम्मेवारीको ताज मिलेको छ नि। कहिले ताज निकालि त दिंदैनौ? दिल्ली निवासी अर्थात् सदा जिम्मेवारीको ताजधारी। बुझ्यौ– दिल्लीको विशेषता। सदा यस विशेषतालाई कर्ममा ल्याउनु छ। अच्छा।

दोस्रा छन् सिकीलधे कर्नाटकवाला। उनीहरूले भावना र स्नेहको नाटक धेरै राम्रो देखाउँछन्। एकातर्फ अति भावना र अति स्नेही आत्माहरू छन्, दोस्रो तर्फ दुनियाँको हिसाबले शिक्षित प्रसिद्ध पनि कर्नाटकमा छन् भने भावना र पदका अधिकारी दुवै नै छन्, त्यसैले कर्नाटकबाट आवाज हुन सक्छ। धर्ती आवाज बुलन्द हुने छ किनकि भी.आई.पीज भए तापनि भावना र श्रद्धाको धर्ती हुनाको कारण निर्मान छन्। यो सहज साधन बन्न सक्छ। कर्नाटकको धर्ती यस विशेष कार्यको लागि निमित्त छ। केवल आफ्नो यस विशेषतालाई भावना र निर्मान दुवैलाई सेवामा सदा साथ राख। यस विशेषतालाई कुनै पनि वातावरणमा नछोड। कर्नाटकको नाउको यो दुई छेउ छन्। यी दुवैलाई साथ-साथ राख्नु। अगाडि पछाडि होइन। तब सेवाको नाउले धर्तीको विशेषताको सफलता देखाउँछ। दुवैको सन्तुलनले नाम प्रसिद्ध गर्ने छ। अच्छा।

सदा स्वयंलाई सार स्वरूप अर्थात् फल स्वरूप बनाउने, सदा सार स्वरूपमा स्थित भएर अरूलाई पनि सारको स्थितिमा स्थित गर्ने, सदा शक्तिशाली आत्मा, शक्तिशाली याद स्वरूप, शक्तिशाली सेवाधारी– यस्ता समान स्वरूप मिलन मनाउने श्रेष्ठ आत्माहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाको रूहानी बाबालाई

गुडमर्निङ्ग, नमस्ते।

**परमात्माको सबै भन्दा पहिलो श्रेष्ठ रचना – ब्राह्मण ( ० ३-०५-८४)**

आज रचयिता बाबा आफ्नो रचनालाई, त्यसमा पनि पहिलो रचना ब्राह्मण आत्माहरूलाई हेरिरहनु भएको छ। सबै भन्दा पहिलो श्रेष्ठ रचना तिमी ब्राह्मण श्रेष्ठ आत्माहरू हौ, त्यसैले सर्व रचनामा प्रिय छौ। ब्रह्माद्वारा उच्च भन्दा उच्च रचना मुख वंशावली महान् आत्मा, ब्राह्मण आत्मा हौ। देवताहरू भन्दा पनि श्रेष्ठ ब्राह्मण आत्मा गाइएको छ। ब्राह्मण नै फरिश्ता सो देवता बन्छन्। तर ब्राह्मण जीवन आदि पिताद्वारा संगमयुगी आदि जीवन हो। आदि संगमवासी ज्ञान स्वरूप त्रिकालदर्शी, त्रिनेत्री ब्राह्मण आत्मा हौ। साकार स्वरूपमा साकारी सृष्टिमा आत्मा र परमात्माको मिलन र सर्व सम्बन्धको प्रीतिको रीतिको अनुभव, परमात्म-अविनाशी खजानाहरूको अधिकार, साकार स्वरूपद्वारा ब्राह्मणहरूको नै यो गीत हो– हामीले देख्यौं, हामीले पायौं शिव बाबालाई ब्रह्मा बाबाद्वारा। यो दैवी जीवनको गीत होइन। साकार सृष्टिमा यस साकारी नेत्रहरूद्वारा दुवै बाबालाई देख्नु, उहाँको साथमा खानु, पिउनु, चल्नु, बोल्नु, सुन्नु, हर चरित्रको अनुभव गर्नु, विचित्रलाई चित्रद्वारा देख्नु– यो ब्राह्मण जीवनको श्रेष्ठ भाग्य हो।

ब्राह्मणले नै भन्छन्– हामीले भगवानलाई बाबाको रूपमा देख्यौं। माता, सखा, बन्धु, साजनको स्वरूपमा देख्यौं। ऋषि, मुनि, तपस्वी, विद्वान, आचार्य, शास्त्रीहरूले जसको केवल महिमा गाउँदै रहे। दर्शनको अभिलाषी रहे। कहिले आउनु होला, कहिले मिलन होला... यही प्रतीक्षामा जन्म-जन्मको चक्रमा चलिरहे तर ब्राह्मण आत्माहरू गौरवले, निश्चयले भन्छन्, नशाले भन्छन्, खुशी-खशीले भन्छन्, दिल देखि भन्छन्– हाम्रो बाबा अहिले मिल्नुभयो। ती तड्पिनेवाला र तिमी मिलन मनाउनेवाला। ब्राह्मण जीवन अर्थात् सर्व अविनाशी अखुट, अटल, अचल सर्व प्राप्ति स्वरूप जीवन। ब्राह्मण जीवन यस कल्प वृक्षको फाउण्डेशन, जड हो। ब्राह्मण जीवनको आधारमा त्यो वृक्ष वृद्धि हुन्छ। ब्राह्मण जीवनको जगबाट सर्व भेराइटी आत्माहरूलाई बीजद्वारा मुक्ति जीवनमुक्तिको प्राप्तिको पानी मिल्छ। ब्राह्मण जीवनको आधारमा यी हाँगा, बिंगाले विस्तार पाउँछन्। त्यसैले ब्राह्मण आत्माहरू सारा भेराइटी वंशावलीको पूर्वज हुन्। ब्राह्मण आत्माहरू विश्वको सर्वश्रेष्ठ कार्यको निर्माणको मुहूर्त गर्नेवाला हुन्। ब्राह्मण आत्माहरू नै अश्वमेध राजस्व यज्ञ, ज्ञान यज्ञ रच्नेवाला श्रेष्ठ आत्मा हुन्। ब्राह्मण आत्माहरू हर आत्माहरूको ८४ जन्मको जन्मपत्री जान्नेवाला हुन्। हर आत्माको श्रेष्ठ भाग्यको रेखा विधाताद्वारा श्रेष्ठ बनाउनेवाला हुन्। ब्राह्मण आत्माहरू महान् यात्रा मुक्ति-जीवनमुक्तिको यात्रा गराउने निमित्त हुन्। ब्राह्मण आत्माहरू सर्व आत्माहरूको सामुहिक रूपमा सगाई बाबा सँग गराउनेवाला हुन्। परमात्म हातमा हात बाँधिदिनेवाला हुन्। ब्राह्मण आत्माहरू जन्म-जन्मको लागि सदा पवित्रताको बन्धन बाँध्नेवाला हुन्। अमरकथा सुनाएर अमर बनाउनेवाला हुन्। बुझ्यौ– कति महान् हौ र कति जिम्मेवार आत्मा हौ? पूर्वज हौ। जस्तो पूर्वज त्यस्तै वंशावली बन्छ। साधारण होइनौ। परिवारको जिम्मेवार वा कुनै सेवास्थानको जिम्मेवार– यस हदको जिम्मेवार होइनौ। विश्वको आत्माहरूको आधारमूर्त हौ, उद्धारमूर्त हौ। बेहदको जिम्मेवारी हर ब्राह्मण आत्मामाथि छ। यदि बेहदको जिम्मेवारी निभाउँदैनौ, आफ्नो लौकिक प्रवृत्ति वा अलौकिक प्रवृत्तिमा नै कहिले उड्ती कला, कहिले चढ्ती कला, कहिले बढ्ने, कहिले रोकिने– यही कलाबाजीमा नै समय लगाउँछन्, ती ब्राह्मण होइनन्। क्षत्रिय आत्मा हुन्। पुरुषार्थको कमालमा यो गर्ने छौं, यस्तो गर्ने छौं... गर्ने छौंको तीर निशान-अन्दाजी गरिरहन्छन्। निशान-अन्दाजी र निशान लागोस्– यसमा अन्तर छ। ती निशानाको अन्दाज गरिरहन्छन्। अब गर्ने छौं, यसरी गर्ने छौं। यो निशानाको अन्दाजा गर्छन्। उनीहरूलाई भनिन्छ क्षत्रिय आत्मा। ब्राह्मण आत्माले निशानाको अन्दाज लगाउँदैनन्। सदा निशानामा नै स्थित हुन्छन्। सम्पूर्ण निशाना सदा बुद्धिमा छँदै छ। सेकेन्डको संकल्पले विजयी बन्न पुग्छन्। बापदादाले ब्राह्मण बच्चा र क्षत्रिय बच्चा दुवैको खेल देखिरहनु हुन्छ। ब्राह्मणहरूको विजयको खेल र क्षत्रियहरूको सदा तीर कमानको बोझ उठाउने खेल। हर समय पुरुषार्थको मेहनतको कमान छँदै छ। एक समस्याको समाधान गर्नासाथ अर्को समस्या खडा हुन जान्छ। ब्राह्मण समाधान स्वरूप हुन्छन्। क्षत्रिय बारम्बार समस्याको समाधान गर्नमा लागिरहन्छन्। जस्तै साकार रूपमा हाँसोको कहानी सुनाउँथें नि। क्षत्रिय के गरिरहेका छौ! यसको कहानी छ नि– मुसा निकाल्यो बिरालो आउँछ। आज धनको समस्या, भोलि मनको, पर्सि तनको वा सम्बन्ध-सम्पर्कको। मेहनतमा नै लागिरहन्छन्। सदा कुनै न कुनै गुनासो अवश्य हुन्छ। चाहे आफ्नो होस्, चाहे अरूको होस्। बापदादा यस्ता समय प्रति समय कुनै न कुनै मेहनतमा

लागिरहने बच्चाहरूलाई देखेर दयालु कृपालुको रूपमा रहम पनि गर्नुहुन्छ।

संगमयुग, ब्राह्मण जीवन दिलारामको दिलमा आराम गर्ने समय हो। दिलमा आरामले बस। ब्रह्मा भोजन खाऊ। ज्ञान अमृत पिऊ। शक्तिशाली सेवा गर र आराम मौजले दिलतख्तमा बस। हैरान किन हुन्छौ? हे राम भन्दैनौ, हे बाबा वा हे दादी, दिदी त भन्छौ नि! हे बाबा, हे दादी, दिदी केही सुन्नु होस्, केही गर्नु होस्... यो पनि हैरान हुनु हो। आरामले रहने युग हो। रूहानी मौज गर। रूहानी मौजमा यो सुनौला दिन बिताऊ। विनाशी मौज नगर्नु। गाउँ, नाँच, उदास नबन। परमात्म मौजको समय अहिले नमनाए कहिले मनाउँछौ! रूहानी शानमा स्थित होऊ। परेशान किन हुन्छौ? बाबालाई आश्चर्य लाग्छ– सानो कमिला जस्तो कुरा बुद्धिसम्म पुग्छ। बुद्धियोग विचलित गरिदिन्छ। जस्तै स्थूल शरीरमा पनि कमिलाले टोक्दा शरीर हल्लिन्छ, विचलित हुन्छ नि। त्यस्तै बुद्धिलाई विचलित गरिदिन्छ। कमिला यदि हात्तीको कानमा पसेमा मुर्छित गरिदिन्छ नि! त्यस्तै ब्राह्मण आत्मा मुर्छित भएर क्षत्रिय बन्न पुग्छन्। बुझ्यौ के खेल गर्छौ! क्षत्रिय नबन्नु। फेरि राजधानी पनि त्रेत्रायुगी मिल्छ। सत्ययुगी देवताहरूले खाएर-पिएर जुन बचेको छ, त्यो क्षत्रिहरूलाई त्रेतामा मिल्छ। कर्मको खेतको पहिलो भाग ब्राह्मण सो देवताहरूलाई मिल्छ र दोस्रो भाग क्षत्रियहरूलाई मिल्छ। खेतको पहिलो भागको टेस्ट र दोस्रो भागको टेस्ट के हुन पुग्छ, यो त थाहा छ नि! अच्छा–

महाराष्ट्र र यू.पी. जोन छन्। महाराष्ट्रको विशेषता छ– जस्तो महाराष्ट्र नाम छ, त्यस्तै महान आत्माहरूको सुन्दर गुलदस्ता बापदादालाई भेट गर्ने छौ। महाराष्ट्रको राजधानी सुन्दर र सम्पन्न छ। त्यसैले महाराष्ट्रले यस्तो सम्पन्न प्रख्यात आत्माहरूलाई सम्पर्कमा ल्याउनु छ। त्यसैले भर्ने– महान् आत्मा बनाएर सुन्दर गुच्छा बाबाको सम्मुख ल्याउनु छ। अब अन्त्यको समयमा यी सम्पत्तिवान्हरूको पनि पार्ट छ। सम्बन्धमा होइन, सम्पर्कको पार्ट छ। बुझ्यौ!

यू.पी. मा देश-विदेशमा प्रसिद्ध विश्व कै आश्चर्य– "ताजमहल" छ नि। जसरी यू.पी. मा विश्वको आश्चर्यजनक चीज छ, त्यस्तै यू.पी. ले सेवामा आश्चर्यजनक प्रत्यक्ष देखाउनु छ। जुन देश विदेशमा, ब्राह्मण संसारमा प्रसिद्ध होस्– यो त धेरै अनौठो काम गरे, विश्व कै आश्चर्य होस्। यस्तो आश्चर्यजनक कार्य गर्नु छ। गीता पाठशाला छन्, सेन्टर छन्, यो आश्चर्य होइन। जुन अहिलेसम्म कसैले गरेका छैनन्, त्यो गरेर देखाऊ तब भनिन्छ आश्चर्यजनक। बुझ्यौ? विदेशी पनि अब सदा हाजिर हुन्छन्, हर सिजनमा। विदेशले विदेशको साधनहरूद्वारा विश्वमा दुवै बाबालाई हाजिर-नाजिर गर्ने छन्। नाजिर अर्थात् यस नजरले देख्न सकून्। त्यसैले यस्तो बाबालाई विश्वको अगाडि हाजिर-नाजिर गर्ने छौ। बुझ्यौ– विदेशीहरूले के गर्नु छ? अच्छा– भोलि त सारा बरियाँत फर्किनेवाला छन्। आखिर त्यो दिन आउने छ, हेलिकप्टर पनि मिल्छ। सबै साधन त तिम्रै लागि बनिरहेका छन्। जसरी सत्ययुगमा विमानहरूको लाइन लागेको हुन्छ, अहिले यहाँ जीप र बसहरूको लाइन लागिरहन्छ। आखिर विमानहरूको पनि लाइन लाग्ने छ। सबै डराएर भाग्ने छन् र सबै तिमीलाई दिएर जान्छन्। ती डराउने छन् र तिमी उड्ने छौ। तिमीलाई मर्ने डर त छँदै छैन। पहिले नै मरिसक्यौ। पाकिस्तानमा नमूना देखेका थियौ नि– सबैले चाबी दिएर गए। सबै चाबी तिमीलाई मिल्छ। केवल सम्हाल्नु। अच्छा–

सदा ब्राह्मण जीवनको सर्व विशेषताहरूलाई जीवनमा ल्याउने, सदा दिलाराम बाबाको दिलतख्तमा रूहानी मौज, रूहानी आराम गर्ने, स्थूल आराम नगर्नु नि! सदा संगमयुगको श्रेष्ठ शानमा रहने, मेहनतबाट मोहब्बतको जीवनमा लवलीन रहने, श्रेष्ठ ब्राह्मण आत्माहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**वरदान:–** **ज्ञान रत्नहरूलाई धारण गरेर व्यर्थलाई समाप्त गर्ने होलीहंस भव**

होलीहंसको दुई विशेषता छन्– एक हो ज्ञान रत्न टिप्नु र दोस्रो निर्णय शक्तिद्वारा दुध र पानीलाई अलग गर्नु। दुध र पानीको अर्थ हो– समर्थ र व्यर्थको निर्णय। व्यर्थलाई पानी समान मानिन्छ र समर्थलाई दुध समान। त्यसैले व्यर्थलाई समाप्त गर्नु अर्थात् होलीहंस बन्नु। हर समय बुद्धिमा ज्ञान रत्न चलिरहोस्, मनन चलिरहोस् तब रत्नहरूले भरपुर हुने छौ।

**स्लोगन:–** सदा आफ्नो श्रेष्ठ स्थितिमा स्थित रहेर परिस्थितिलाई समाप्त गर्नेवाला नै विजयी आत्मा हो।